# ५५

# पोखरीको पानी पिउँदैछन् प्रजा

**केशव खनाल**

जनजातिको बोर्ड भ्रुन्डयाएर धेरै गैरसरकारी संस्थाले खेती चलाएका छन् । यही ब्यानरमा सरकारले पनि समिति ठडयाएको धेरै भइसक्यो । सुकिला नारा र स्वादिलो आश्वासनमै जनजातिका नाममा थुप्रै बजेट खर्च भएका छन् । तर अत्यन्तै पिछडिएका र अल्पसङ्ख्यक मानिने जनजातिहरूको जीवनस्तर दयनीय छ । न्यूनतम आहार र स्वास्थ्य सुविधाबाट समेत अल्पसङ्ख्यक जनजातिहरू वञ्चित हुनुपरेको छ ।

अल्पसङ्ख्यक जातिमध्येको एक प्रजा जातिको बसोबास भएको जिल्ला चितवन पनि हो । 'प्रजा', चेपाङ जातका रूपमा बढी चिनिन्छन् । यो जाति मकवानपुर र धादिङमा पनि उल्लेख्य रूपमा पाइएको छ । चितवनको खासगरी उत्तरी पहाडी क्षेत्रमा बसोबास गर्ने प्रजाहरू शिक्षा, चेतनाले त पिछडिएका छन् नै साथसाथै सरकारी विकासका अभियानभित्र पनि समेटिएका छैनन् । चितवनको कविलास गाविसका प्रजाहरू पोखरीको पानी पिएर जीवन धान्दैछन् । प्रजामात्र होइन, त्यहाँ बसोबास गर्ने सबैले नै पोखरीको पानी पिउनुपर्ने बाध्यता छ ।

कविलास गाविसका कार्यबाहक अध्यक्ष दण्डबहादुर गुरुङ भन्छन्, "पिउने पानी छैन, पोखरीमा जम्मा भएको पानी खानुपर्ने बाध्यता छ ।" गुरुङ थप्छन्, "हामी धेरै कुराबाट वञ्चित छौँ । विकासका आश्वासन धेरै पायौँ तर समस्या ज्यूँकात्यूँ छन् ।" पोखरीको पानी अत्यन्तै प्रदूषित छ । कपडा धुनसमेत अयोग्य पानी पिउन जनता बाध्य छन् तर पनि सम्बन्धित निकायको ध्यान तानिएको छैन । चितवनमा प्रजा जातिको बसोबास भएका ठाउँहरूमा लोथर, कोराक, सिद्धि, काउले, दारेचोक, कविलास, दाहखानी, चण्डीभञ्ज्याङ, शक्तिखोर, आदि हुन् । यी सबै ठाउँमा शुद्ध पिउने पानीको पर्याप्त व्यवस्था छैन । धेरैजसो ठाउँमा त सङ्कट जस्तै छ । जिल्ला विकास समिति चितवनका उपसभापति जगन्नाथ थपलिया भन्छन्, "हामी पहाडी गाविसको विकासका लागि प्रतिबद्ध छौँ । विकासको पहिलो आधार र शर्त सडक हो ।

*हाका-हाकी,* ४(७): २६, जेठ २०५८ मा प्रकाशित ।

हामी अहिले त्यहाँ सडक पु¥याउने अभियानमा छौँ । जनताले पोखरीको पानी पिएको देख्दा पीडा हुन्छ तर के गर्ने ? केन्द्रमा बस्नेले त्यहाँको समस्या बुझ्दैनन् ।" स्वस्थ बाँच्न पाउने अधिकार नागरिकको सर्वाधिक महत्वको मानवअधिकार हो भन्दै चितवनका निर्माण व्यवसायी एवं समाजसेवी लङ्क के.सी. भन्छन्, "जबसम्म जनता स्वस्थ हुँदैनन् तबसम्म विकासका अभियानले गति पाउँदैन । जनताको श्रम, सीप र योजनामा सम्पन्न विकासले मात्र पर्याप्त प्रतिफल र दिगो भविष्य पाउँछ ।"

चितवन प्राकृतिक सौन्दर्यबाट जति सिँगारिएको छ । विभिन्न जनजातिको कला र संस्कृतिले पनि त्यति नै सिँगारिएको छ । तर यो सुन्दरता र वैभवलाई बढ्दो प्रदूषण, खानेपानीको सङ्कट तथा पिछडिएको संस्कारले चुनौती दिइरहेका छन् । चितवनको अर्को महत्वपूर्ण र हराउँदै गएको जाति माझी पनि पानीमै खेले पनि शुद्ध पिउने पानीबाट वञ्चित छन् । नदीहरूमा डुङ्गा चलाउनु र माछा मारेर जीविका चलाउने माझीहरूमा सरसफाइ र शुद्ध आहार-बिहारबारे पर्याप्त ज्ञान देखिँदैन । (...)

चितवनका पत्रकार तिलक कोइराला भन्छन्, "संस्कार र संस्कृतिका धनी माझीहरूलाई आधुनिक ज्ञान र सीप सिकाउनु जरुरी छ । उनीहरू चितवनका सम्पत्ति हुन् । आधुनिक ज्ञान पाएमा उनीहरू आफैँ स्वस्थ बन्दै जान्छन् ।" चितवन जल वैभव जिल्ला हो । ठूला-ठूला नदी र धेरै खोलानाला यहाँ छन् । जमिनमुनिको पानी निकाल्न पनि धेरै मेहनत पर्दैन । तर पनि चितवनमा कतै पानीको सङ्कट त कतै प्रदूषित पानी वितरण भइरहेको स्थिति छ ।

झण्डै पाँच लाख जनसङ्ख्या रहेको चितवनको सरदर साक्षरता ५६.४ प्रतिशत रहेको छ । उच्च साक्षर व्यक्तिको सङ्ख्या पनि धेरै नै छ । सामाजिक रहनसहन र जीवनस्तर पनि तुलनात्मक रूपमा राम्रो छ । तर पनि कतिपय समुदाय अझै पनि अत्यन्तै पिछडिएका छन् । थारु, दनुवार, चेपाङ, दराई, मगर, दमाई, कामी, सार्की, आदि पिछडिएका जाति हुन् । (...)

जिविसका उपसभापति थपलिया भन्छन्, "विकास प्रक्रिया र पद्धतिमा कमजोरी छ । यस जिल्लामा क्रियाशील कतिपय सङ्घ-संस्थासँग हाम्रो भेटघाट पनि छैन । जिल्लामा सञ्चालित सबै योजना र कार्यक्रम हाम्रो समन्वयमा सञ्चालन हुनुपर्छ । हामी चितवनलाई बहुजातीय, बहुभाषिक, सभ्य, समुन्नत एवं स्वस्थ जिल्लाका रूपमा स्थापित गर्न चाहिरहेका छौँ ।"

चितवनलाई पर्यटकीय विकासको दृष्टिबाट विश्लेषण गर्दै उपसभापति थपलिया भन्छन्, "यी जातजातिको कला, संस्कृति र परम्पराको संरक्षण गर्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर उनीहरूलाई सभ्य, चेतनशील र स्वस्थ पार्नुपर्ने आवश्यकता छ । स्वस्थ नागरिक, स्वस्थ वातावरण र हरियाली एवं सुन्दर वातावरणबिना चितवनको पर्यटकीय विकास सम्भव छैन । जबसम्म नागरिक आफू स्वस्थ र सभ्य हुन जान्दैन जबसम्म उनीहरूबाट घर, टोल, नदीनाला, वनजङ्गल आदिको संरक्षण र सरसफाइ कल्पना गर्नु बेकार हुन्छ ।"

जनजातिको नाममा काम गर्ने संस्था धेरै छन् । जनजातिकै नाममा सरकारले राष्ट्रिय जनजाति विकास समिति बनाएको छ । तर कुनै पनि जनजातिका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था र सरकारको समितिले चितवनका जनजातिको स्वास्थ्य-बारे चासो लिएको देखिन्न । पोखरीको पानी पिउने प्रजा जातिको अवस्थाले कसैलाई पिरोलेको छैन । ♦